# नेपाल सरकार
## भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)


पत्र सं.: २०८३/०८४
चलानी नं ४९

मिति:२०८३/०४/१९
ने.सं. ११४६

श्री गाउपालिका सबै,
श्री नगरपालिका सबै ।

विषय: राष्ट्रिय खोप कार्यक्रमको समन्वय र सहजिकरण सम्वन्धमा ।

प्रस्तुत विषयमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको प.सं. २०८३/८४ च.नं.०३ मिति २०८३/०४/१२ को राष्ट्रिय खोप कार्यक्रमको समन्वय र सहजिकरण गर्ने सम्वन्धमा स्थानीय तहलाई अनुरोध गर्ने भनी लेखिएको पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

बोधार्थ:
श्री स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय,सिंहदरवार, काठमाडौं ।
श्री सूचना प्रविधि शाखा:वेवसाईटमा अपलोड गरिदिनुहुन ।

.........................
प्रकाश पन्थी
शाखा अधिकृत


सिंहदरवार, काठमाण्डौं फोन नं.- ४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

(...प्रादेशिक तथा ... समन्वय..शाखा)

फोन नं. ४२६२५५०, ४२६२८०२, ४२६२७०६, ४२६२५३५, ४२६२८६२, ४२२३५८०

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पत्र संख्या :-
चलानी नं. :- ०८३।०८४
पत्र नं. :- ३

मिति : २०८३।४।१२.........
ने.स. ११४६ दिल्लाथ्व,चतुर्दशी

**विषय :-** आवश्यक समन्वय तथा सहजीकरण सम्वन्धमा ।

श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत सम्वन्धमा स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौंको प.स. २०८३।०८४, च.न. ६०, मिति २०८३।४।८ को समन्वयको सम्वन्धमा लेखिएको पत्र प्राप्त भएको छ। पत्रानुसार राष्ट्रिय खोप कार्यक्रममा विगत वर्षहरुमा गाभी लगायत विकास साझेदार निकायवाट सहयोग प्राप्त भई विभिन्न तहमा खोप कार्यक्रम सुदृढीकरण, व्यवस्थापन र संचालनमा विभिन्न क्रियाकलाप र वजेट विनियोजन हुने गरेकोमा हाल सो सहयोग न्युन हुदै गएको सन्दर्भ छ।
विशेष गरी खोप छुट भएका वालवालिकाको पहिचान र पहुँच वढाइ खोप पूरा गराउन तराई तथा भित्रि मधेशका जिल्लाहरुमा नियमित खोप संगै समुदाय स्तरमा थप खोप केन्द्र र महानगर/उपमहानगरपालिकामा प्रत्येक महिना अन्तिम शनिवार वडा तहमा थप खोप सेसन संचालन गरिदै आएकोमा चालु आ.व. २०८३।०८४ मा उक्त क्रियाकलाप संचालनको लागि वजेट विनियोजन नभएकोले उक्त क्रियाकलापहरु संचालन व्यवस्थापन तपसिल वमोजिम गर्ने गराउने सम्वन्धमा सवै स्थानीय तहहरुमा समन्वयको लागि अनुरोध भई आएको हुँदा तहाँ मन्त्रालय मार्फत सवै स्थानीय तहहरुमा पत्राचार गरी आवश्यक समन्वय तथा सहजीकरणको लागि पठाइएको वेहोरा आदेशानुसार अनुरोध छ।

<u>तपसिल</u>

१. नियमित खोप संगै समुदाय स्तरमा थप खोप सेसन संचालन भएका स्थानीय तहहरुले विगतको प्रगति अवस्थाको समेत विश्लेषण गरी नियमित खोप केन्द्र/सेसन पायक र पहुँचमा भए उक्त समुदायलाई नियमित खोप सेसन मार्फत खोप दिने व्यवस्था गर्न हुन ।
२. खोप सेवाको पहुँच कम भएको समुदाय, नियमित खोपकेन्द्र समुदायबाट टाढा भएको, धेरै भिडभाड हुने खोप सेसन भएमा, अत्यावश्यक ठाउँमा नियमित खोप सेसन निरन्तर संचालन गर्न गराउनु हुन तथा भिडभाड हुने खोप केन्द्रमा सेसन थप गरी खोप सेवा प्रभावकारी र पहुँचयोग्य भएको सुनिश्चित गर्नु हुन ।
३. महानगर/उपमहानगरपालिकाहरुको सवै वडाहरुमा महिनाको एक शनिवार खोप सेसन संचालन भएको भए विगतको प्रगतिको विश्लेषण गरी रणनीतिक स्थानहरु तोकी आवश्यकताको आधारमा केही स्थानमा केन्द्र तोकी संचालन व्यवस्थाको लागि अनुरोध छ ।

पवित्रा ढकाल
शाखा अधिकृत

वोधार्थ
श्री स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं।